का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २३१
❒ १९ असोज २०७८, मंगलबार
❒ 5 October 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

## थप संकटमा प्रधानमन्त्री

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १८ असोज ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले पनि मन्त्रिपरिषद्‌मा भागबण्डा मागेको तथ्य सार्वजनिक भएको छ। गएको वर्ष ३० मंसिरमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग संवैधानिक नियुक्तिमा भागबण्डा लिएका प्रन्या जबराले अहिले मन्त्रीको भाग मागेको तथ्य खुलेको छ। स्रोतका अनुसार, प्रन्या जबराले दुई मन्त्री पाउनुपर्ने माग गरेपछि मन्त्रिरिषद् बिस्तारमा थप समस्या देखिएको हो ।

यसअघि सत्ता साझेदार दलहरुबीच मन्त्रालय भागबण्डा भइसकेको थियो तर मन्त्रिपरिषद् बिस्तार हुन नसक्नुमा भने नेकपा एमाले विभाजनले वैधानिकता नपाउनु थियो । गएको २ भदौमा नेकपा एमाले विभाजन गरी पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेकपा (एकीकृत समाजवादी) दर्ता गरेका थिए । २३ सांसद सहित एकीकृत समाजवादी बनेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले संसद्‌मा बहुमत पाएका छन् ।

एकीकृत समाजवादी दर्ता प्रक्रिया र १४ सांसदलाई पदमुक्त गर्नुपर्ने माग सहित एमालेले सर्वोच्चमा रिट दायर गरेपछि फेरि मन्त्रिपरिषद् बिस्तार रोकिएको थियो । अदालतले यो मुद्दामा अन्तरिम आदेश दिएन । अन्तरिम आदेश नआएपछि प्रधानमन्त्री देउवा मन्त्रिपरिषद् बिस्तार गर्ने तयारीमा जुटेका थिए । तर प्रन्या जबराले पनि मन्त्रीको भाग मागेपछि मन्त्रिपरिषद् बिस्तारमा समस्या देखिएको एक नेताले बताए ।

प्रन्या जबरा नेतृत्वको संवैधानिक इजलासले गएको २८ असारमा दोस्रोपटक संसद् पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । परमादेशअनुसार २९ असारमा देउवा प्रधानमन्त्री नियुक्त भए । देउवाले ३ साउनमै विश्वासको मत पाएका छन् । उनलाई नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एमाले (अहिले एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाका गरी १६५ सांसदले विश्वासको मत दिएका थिए ।

मन्त्रालय संख्या २२ रहेको, तर आकांक्षी धेरै देखिएपछि मन्त्रिपरिषद् गर्न प्रधानमन्त्री देउवाले सकिरहेका थिएनन् । तर तत्कालीन प्रधानमन्त्री ओलीसँग संवैधानिक निकायको नियुक्तिमा भाग लिएका प्रन्या जबराले फेरि मन्त्री मागेका छन् । प्रन्या जबराले त्यसबेला संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर संवैधानिक नियुक्तको निर्णयमा प्रन्या जबराले साथ दिएका थिए । ५ पुसमा त ओलीले प्रतिनिधिसभा नै विघटन गरे । ओलीको संसद् विघटनको निर्णय अदालतले ११ फागुनमा उल्ट्याइदिएको थियो । तर ओलीले दोस्रोपटक ७ जेठमा संसद् भंग गरे ।

अदालतले फेरि २८ असारमा संसद् पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दियो । अहिले फेरि मन्त्रालय भागबण्डामा सकस देखिएको छ। अर्थात्, प्रधानमन्त्री बनेको तीन महिना पुग्न लाग्दा समेत मन्त्रिपरिषद् बिस्तार गर्न नसकेका देउवा थप संकटमा देखिएका छन् । तीन पटक गरी देउवाले पाँच मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका छन् । बाँकी १६ मन्त्रालय देउवा आफैले सम्हाल्दै आएका छन् । जबकी मुलुक अहिले असमान्य

बाँकी पृष्ठ २ मा



नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको तीन महिना पुग्न लाग्दा समेत मन्त्रिपरिषद् बिस्तार हुन नसक्नुमा प्रधान्यायाधीशले पनि भाग मागेको तथ्य सार्वजनिक भएको छ ।

## प्रमुख प्रतिपक्षीको प्रश्न

# किन रोकियो मन्त्रिपरिषद् विस्तार ?

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ असोज ।



पाँच वर्ष स्थीर सरकारको जनादेश पाएपनि गएको २९ असारदेखि प्रमुख विपक्षी दलमा धकेलिएको प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमालेले संसद्‌को भूमिका सशक्त बनाउने प्रयास गरिरहेको छ । गएको २३ भदौदेखि प्रतिनिधिसभा अवरोध कायम राखेको एमालेले सोमबार राष्ट्रियसभामा पनि अवरोध गऱ्यो ।

एमालेको अवरोध पछि अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सांसद् दिलकुमारी थापालाई बोल्न समय दिएका थिए । थापाले राजनीतिक दल सम्बन्धी अध्यादेश, मन्त्रिपरिषद् विस्तारमा विलम्ब, सुकुम्बासी समस्या समाधान आयोग खारेज, रणनीतिक सडक र विमानस्थल निर्माणमा भएका ढिलाइबारे सरकारको जवाफ मागेकी छन् । "सरकार गठन भएको तीन महिना पुग्न लाग्दासमेत मन्त्रिमण्डल विस्तार गर्न नसकेको, अघिल्लो सरकारले अघि बढाएको रणनीतिक सडक खारेजी, विकास निर्माण रोक्ने र सुकुम्बासीको हितविपरीत आयोग खारेज गर्ने काम सरकारले यसबीचमा गरेको छ", थापाले भनिन् ।

प्रमुख विपक्षी दल नेकपा एमालेले मन्त्रिपरिषद् बिस्तारमा भएको ढिलाइ, अघिल्लो सरकारले गरेको निर्णय खारेज, सुकुम्बासी आयोग खारेज लगायतबारे जवाफ मागेको छ ।

एमाले विभाजन गर्नेगरी अध्यादेशले लोकतन्त्र र दलीय व्यवस्थालाई कमजोर तुल्याएको उनले आरोप लगाइन् । भैरहवा र निजगढ विमानस्थको काम अघि बढ्न नसकेको मात्र नभई मुलुकका समग्र विकासको गति रोकिएको थापाको भनाइ थियो । "संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा कर्मचारी व्यवस्थापन गर्न नसकेको र विधिभन्दा बाहिर गएर कर्मचारीको सरुवा गरिएको हुनाले यी विषयमा सरकारको जवाफ चाहियो ।"

सरकारलाई आफ्ना नागरिकबारे सामान्य सूचनासमेत नभएको आरोप लगाउँदै सांसद थापाले सदनको

बाँकी पृष्ठ २ मा




## कतारद्वारा कामदारले पालना गर्ने नियम परिमार्जन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असोज

कतारले नेपालसहित दक्षिण एसियाका देशबाट जाने कामदार लगायत यात्रुले पालना गर्नुपर्ने नियममा परिमार्जन गरेको छ ।

नेपाली दूतावासले कतारले नेपालसहित बंगलादेश, भारत, पाकिस्तान, श्रीलङ्का लगायतका देशबाट कतार प्रवेश गर्दा पालना गर्नुपर्ने नियममा परिमार्जन गरेको जनाएको छ।

कतार प्रवेशका लागि मान्यताप्राप्त स्वास्थ्य संस्थाबाट पीसीआर परीक्षण गरेको ७२ घण्टाभित्रको नेगेटिभ प्रमाणपत्र साथमा हुनुपर्ने पुरानो नियम यथावत् राख्दै कतारले नयाँ पनि तोकेको छ ।

नयाँ नियम अनुसार कतारमा पहिलोपटक प्रवेश गर्ने विदेशी यात्रुले कतार सरकारले सञ्चालनमा ल्याएको वेबसाइटमा लगईन गरी पीसीआर परीक्षणको प्रमाणपत्र, खोप लगाएको प्रमाणपत्र र अन्य आवश्यक कागजातहरु अपलोड गरि प्रि-रजिष्ट्रेशन गर्नुपर्ने दूतावासले जनाएको छ ।

मोबाइलमा इटेराज मोबाइल एप्लिकेशन अनिवार्य डाउनलोड गर्नु पर्ने भन्दै दूतावासले त्यसको लागि नेपालको सीमकार्डका पनि प्रयोग गर्न सकिने दूतावासले जनाएको छ ।

कतार सरकारले

बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### ड्युटीमै कामदारको मृत्यु

काठमाडौं, मस- मलेसियाको एक टप ग्लोव्समा कार्यरत एक नेपाली कामदारको ड्युटीमा रहेको अवस्थामा मृत्यु भएको छ ।

मलेसिया स्थित नेपाली दूतावासको जनसम्पर्क अधिकृत टेक बुढाले चितवनका पुष्पा तामाङको सोमबार राति मलेसियाको केलाङ मेरुमा रहेको टप ग्लोव्स कम्पनी भित्र ड्युटीमै रहेको बेलामा उनको मृत्यु भएको बताएका छन् । ।कम्पनीमा कार्यरत रहेकै बेला अचानक मुर्छा परेर लडेका तामाङलाई सहकर्मीहरूले जाँच गर्दा मृत्यु भैइसकेको पाइएको बताएका छन् । उनको मृत्यु हृदयघातबाट भएको हुनसक्ने अनुमान गरिएको बताउदै बुढाले पोष्टमार्टम रिपोर्ट आएपछि स्पष्ट हुने बताए ।

लामो समयदेखि मलेसियामा काम गर्दै आएका तामाङ मलेसिया सरकारले दिएको अवैधानिकलाई वैधानिक बन्ने अवसर 'रिहाईरिङ कार्यक्रम'को सदुपयोग गरेर वैधानिक भई टप ग्लोव्स कम्पनीमा काम शुरू गरेको बताईएको छ ।

### आइएमई लिमिटेड र नागरिक लगानी कोषबीच सम्झौता

काठमाडौं, मस- काठमाडौं, मस-आइएमई लिमिटेड र नागरिक लगानी कोषकावीच वैदेशिक रोजगारमा रहेका नेपालीहरुले नागरिक पेन्सन योजनामा सहभागी गराउने संझौता भएको छ । समझदारी पत्रमा कोषका कार्यकारी निर्देशक रमण नेपाल र आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल हस्ताक्षर गरे ।

बैदेशिक रोजारीमा रहेकाहरुलाई नागरिक पेन्सन योजनामा आवद्ध गर्न ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाको प्राविधिक सयोगमा कोष र रेमिटयान्स कम्पनीहरुको सफ्टवेयरलाई आवद्धता गर्ने सफ्टवेयर

बाँकी पृष्ठ २ मा

# युवा गजलकार मिलनको गजल संग्रह 'सलेदो' सार्वजनिक

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १८ असोज

नेपाली गजलमा लामो समयदेखि साधनारत साधक दीप मिलनको गजल संग्रह 'सलेदो' को विमोचन गरिएको छ। नेपाली गजलको सामूहिक विकासमा क्रियाशील संस्था बहर-बहारको आयोजनामा एक कार्यक्रमकाबीच उक्त पुस्तक विमोचन गरिएको हो। अग्रज गजलकार बूँद रानाको प्रमुख आतिथ्यता तथा बहर-बहारका संयोजक प्रमोद थापाको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा गजलमणि डा. घनश्याम परिश्रमी न्यौपाने, गजलकार भुवन निस्तेजको कार्यक्रममा विशेष उपस्थिति रहेको थियो। त्यस्तै करुण थापा,टक गुरुङ, आवाज शर्मा, मनोज भण्डारी, भोजराज घिमिरे लगायत साधकहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा वर्तमान नेपाली गजलका १० प्रतिनिधि गजलकारहरूले गजल वाचन गरेका थिए।




बहर बहारले आयोजना गरेको खुल्ला गजल प्रतियोगिता-२०७५ दीप मिलन प्रथम भएका थिए । प्रथम हुने गजलकारको कृति पुरस्कार स्वरूप प्रकाशन गरिदिने प्रतिबद्धता अनुसार बहर बहारको संयोजनमा शिखा बूक्सले सलेदो प्रकाशनमा ल्याएको हो । सलेदो समस्त गजल प्रेमीहरूको साझा संग्रह भएकाले पढेर प्रतिक्रिया दिन सबैमा मिलनले आग्रह गरेका छन् ।

प्रतियोगितामा विजयी भई कृति पुरस्कार पाउने सम्भवतः आफू नेपालकै पहिलो गजलकार हुन पाउँदा भाग्यमानी महसुस भएको र यसले साधनामा थप ऊर्जा प्राप्त भएको मिलनले मध्यान्हलाई बताए । संग्रहमा ६६ वटा गजल समावेश छन् । नेपाली गजलका पिता आदि गजलकार मोतीराम भट्टको जन्म जयन्तीको अवसर पारेर प्राविधिक माध्यम जुममार्फत उक्त कार्यक्रम भएको हो। कार्यक्रमलाई बहर-बहारका सचिव लालकाजी श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।

### थप...

अवस्थामा छ। कोरोना महामारीका कारण उत्पन्न मानवीय संकट कायम रहेकाले मुलुकलाई सामान्य अवस्थामा फर्काउन पनि सशक्त र प्रभावकारी सरकारको खाँचो छ।

तर संविधान र संसद् बचाउने भनेर बनेको गठबन्धन र तिनका प्रधानमन्त्री देउवा भने एकपछि अर्को समस्यामा पर्दै गएको देखिएको छ।

### प्रमुख...

एजेण्डा तय गर्ने लगायतका विषयमा समेत सरकार र सभामुखले प्रतिपक्षसँग छलफल गर्न नचाहेकाले माग सम्बोधन र सभामुखको कदम नसच्चिएसम्म सदनमा विरोध जारी रहने बताइन्।

सांसद थापाको मन्तव्यपछि प्रतिपक्ष दलका सांसदले उठेर विरोध जारी राखेपछि अध्यक्ष तिमिल्सिनाले सदन सञ्चालन गर्न सहयोग पुऱ्याउन प्रतिपक्ष दलका सांसदसँग आग्रह गरेका थिए । "महत्वपूर्ण चाडबाड आएका छन्, त्यसका लागि शुभकामना आदानप्रदान गर्न सकियोस्, सांकेतिक विरोध भएकै छ, उभिएर फेरि विरोध जनाउन पर्दैन", अध्यक्ष तिम्सिनाले आग्रह गरे ।

### कतारद्वारा...

सिनोभ्याक,अस्ट्राजेनेका,फाइजर, , सिनोफर्म, मोडेर्ना, स्पुत्निक भी र जोनसन एण्ड जोनसनलाई मान्यता दिएको छ । यसमध्ये जोनसन एण्ड जोनसन बाहेक अन्य खोपको मात्रा दुवै डोज लगाएको हुनुपर्ने जनाइएको छ ।

खोपको मात्रा पूरा गरेको १४ दिन पूरा गरेपछि मात्र यात्रा गर्न सकिने र सशर्त स्वीकृत गरिएका सिनोभ्याक, सिनोफर्म र स्पुत्निक भीको मात्रा पूरा गरेका यात्रुको सेरोलोजी एण्टिबडी रिजल्टको पोजेटिभ रिपोर्ट अनिवार्य चाहिने बताइएको छ ।

कतार सरकारले मान्यता दिएका खोपको पूर्ण मात्रा लगाएको भए पनि दुई दिन होटल क्वरेण्टिनमा बस्नुपर्ने बताएको छ । खोप नै नलगाएका वा खोपको पूर्ण मात्रा नलगाएकाहरुलाई सात दिनसम्म अनिवार्य होटल क्वरेण्टिनमा बस्नुपर्ने नियम लगाईएको छ । नेपाली दूतावासले कतार सरकारले स्वीकृत गरेका खोप नलगाएका नयाँ यात्रुलाई भने कतार प्रवेश नदिइने प्रबन्ध गरिएको बताईएको छ ।

त्यसैगरी कतार प्रवेश गर्नुअघि यात्रुहरुले कतारको जनस्वास्थ्य मन्त्रालयको वेबसाइट वा सम्बन्धित एअरलाइन्सको अनलाइन बुकिङ फारममा उपलब्ध हुने प्रतिबद्धता पत्रमा विवरण भरी हस्ताक्षर गरेर यात्रा अवधिभर साथमा बोक्नुपर्ने व्यवस्था गरिएको छ ।

### आइएमई ...

निर्माण गरेको बताईएको छ । समझदारी अन्तरगत बैदेशिक रोजागारीमा गएकाहरूले रकम जम्मा गरि सहजरुपमा नागरिक पेन्सन योजनामा सहभागी सक्ने बताइएको छ ।

# नेपाल स्वयंसेवी रक्तदाता समाज गठन

**पवन जायसवाल, १८ असोज**
बाँके, १८ असोज




लुम्बिनी प्रदेश, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं. १ भुरीगाउँमा ३१ औं शाखाको रुपमा नेपाल स्वयंसेवी रक्तदाता समाज जिल्ला शाखा बर्दियामा गठन गरिएको छ । ठाकुरबाबा नगरपालिका १ वडा कार्यालयको प्राङ्गण भुरीगाउँमा स्वयंसेवी रक्तदाता प्रेम प्रसाद लम्सालको अध्यक्षतामा, नेपाल स्वयंसेवी रक्तदाता समाज केन्द्रीय अध्यक्ष प्रेम सागर कर्माचार्यको प्रमुख आतिथ्यमा कार्यक्रमको आयोजना गरिएको हो । भेलाले बर्दिया जिल्लामा ३१ औं जिल्ला शाखाको रुपमा (ठाकुरबाबा) बाट प्रेम प्रसाद लम्सालको अध्यक्षतामा १० सदस्यीय नेपाल स्वयंसेवी रक्तदाता समाज जिल्ला शाखा बर्दियाको गठन गरिएको छ ।

समाजको उपाध्यक्ष पदमा (बाँसगढी) बाट सन्तोष बास्तोला, सचिव पदमा (ठाकुरबाबा) बाट श्यामलाल थारु, कोषाध्यक्ष पदमा (बढैयाताल) बाट हिमालय त्रिपाठीलाई भेलाले चयन गरेको छ । यसरी सदस्यहरुमा (ठाकुरबाबा) बाट यज्ञ प्रसाद नेपाल, गोपाल निरौला, उमा कुमारी मल्ल, (बारबर्दिया) बाट शंकर थारु, गुलरियाबाट मेहमूद अली मनिहार र बढैयातालबाट भोजराज बराललाई सदस्यमा भेलाले चयन गरेको छ ।

बर्दिया जिल्लाको आठ वटा पालिकाबाट प्रतिधित्व हुने गरी समावेश गरिने छ । सोही दिन ५ वटा पालिकाको मात्र प्रतिनिधित्व भएकोले ३ वटा पालिका मधुवन, राजापुर र गेरुवालाई पनि प्रतिनिधित्व गराइने अध्यक्ष प्रेम प्रसाद लम्सालले बताए । सो कार्यक्रममा प्रमुख अतिथि तथा नेपाल स्वयंसेवी रक्तदाता समाज केन्द्रीय अध्यक्ष प्रेम सागर कर्माचार्यले १७ जना स्वयंसेवी रक्तदातालाई आजिवन सदस्यता प्रदान गरेका थिए । यसरी कार्यक्रमको प्रारम्भमा नेपाल स्वयंसेवी रक्तदाता समाज केन्द्रिय अध्यक्ष प्रेम सागर कर्माचार्यलाई फरुलको गुच्छाद्वारा स्वागत र माला लगाएर सम्मान गरिएको थियो भने मयाको चिनोको रुपमा स्थानीय संस्कृतिको पहिचान झल्किने ढकिया प्रदान गरिएको थियो ।

बर्दिया जिल्लाको आठ वटै पालिकामा योजनावद्ध रुपमा छिट्टै नै रक्तदानको कार्यक्रम लिएर अगाडि बढ्ने छौं र शाखाका अध्यक्ष प्रेम प्रसाद लम्सालले बताए । बर्दिया जिल्लामा रहेका सम्पूर्ण रक्तदाताहरुलाई एकत्रित गर्न र आ-आफनो समुदायमा रहनु भएका महानुभावहरुलाई रक्तदान गर्न आकर्षित गर्न र रगतको अभावमा कही कसैको ज्यान जोखिममा नपरोस भन्ने उद्देश्यका साथ स्वयंसेवी रक्तदाताको रुपमा कार्य गर्न ३१ औं शाखाको रुपमा नेपाल स्वयंसेवी रक्तदाता समाज जिल्ला शाखा बर्दियाको गठन गरिएको छ । स्वयंसेवी रक्तदाताहरुलाई आजिवन सदस्यता ५ सय ५० रुपैयामा प्रदान गरिएको छ । भने कार्यक्रममा २५जना स्वयंसेवी रक्तदाताहरुको सहभागिता रहेको थियो ।

## Narainapur Rural Municipality
## Office of Rural Municipal Executive
Narainapur, Banke
Lumbini Province, Nepal

### Notice of Intent to Award the Bid

Date of publication: Ashoj 19th,2078 (**October 5th, 2021**)

This is to notify all the bidders that, it is our intent to Award the Contract for bid notice dated 24th Shrawan, 2078 (8th August, 2021), for execution of the contract as mentioned below to the bidder with bid prices corrected & modified in accordance with the Instructions to bidders & hereby selected substantially responsive Lowest Evaluated Bid.

| S.N. | Contract Identification | Name of Project | Selected Bidders Name & Address. | Bid Amount ( with PS and VAT) |
|---|---|---|---|---|
| 1 | NRM/WORKS/NCB/ID/SB/01/2078-079 | Construction of Two Room School Building in Nepal Rastriya Primary School, Roshanpurwa, Narainapur-2,Banke | R. C. Builders Bansgadi-8 | 23,93,479.98/- |
| 2 | NRM/WORKS/NCB/ID/SB/02/2078-079 | Construction of Two Room School Building in Nepal Rastriya Primary School, Gangapur, Narainapur-2,Banke | R. C. Builders Bansgadi-8 | 24,08,628.50/- |
| 3 | NRM/WORKS/NCB/ID/SB/03/2078-079 | Construction of Two Room School Building in Nepal Rastriya Primary School, Kodavitwa, Narainapur-6,Banke | R. C. Builders Bansgadi-8 | 24,23,205.58/- |
| 4 | NRM/WORKS/NCB/ID/ROAD/04/2078-079 | Construction & Upgrading of Road from Matehiya Chowk to Motipur Village, Narainapur-5,Banke | Debit Nirman Sewa Kohalpur-3, Banke | 62,37,759.8/- |
| 5 | NRM/WORKS/NCB/ID/ROAD/05/2078-079 | Construction & Upgrading of Road from Ilaka Prahari Karyalay Pachpedawa to Bahapurwa Village, Narainapur-3,Banke | B L N Construction Pvt.Ltd. Baijanath-2,Banke | 15,11,650.00/- |
| 6 | NRM/WORKS/NCB/ID/ROAD/06/2078-079 | Construction & Upgrading of Road From Hulaki road to Baniya village, Naranapur-1, Banke | K.R. Construction Kohalpur-10, Banke | 56,59,735.11/- |
| 7 | NRM/WORKS/NCB/ID/ROAD/07/2078-079 | Construction & Upgrading of Road From Hulaki road to Kalagaun Village, Naranapur-3, Banke | Bastekoti - Umar JV Duduwa-4, Banke | 59,28,803.46/- |
| 8 | NRM/WORKS/NCB/ID/ROAD/08/2078-079 | Construction & Upgrading of Road in Sanbarsha Village, Naranapur-6, Banke | Bastekoti - Umar JV Duduwa-4, Banke | 64,18,414.32/- |

**(Dal Bahadur Basnet)**
**Chief Administrative Officer**

## UAE, SAUDI र QATAR मा रोजगार

१. कम्पनी: CARS TAXI SERVICES CO. LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४५४५ LT. No.: 247397

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 100 | 0 | स. काममा दक्ष | 1600 | ५१,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २६ देखि कार्तिक ७ गते (12 to 24 Oct. 2021) मा हुनेछ ।

२. कम्पनी: SOBHA CONSTRUCTIONS L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२२१८ LT. No.: 244703 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 30 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolding Labor | 30 | 0 | | 1000 | ३२,२०० | | | | | | | |
| 3. | Brick Mason | 25 | 0 | | 1200 | ३८,६४० | | | | | | | |
| 4. | Painter Buildings | 20 | 0 | | 1200 | ३८,६४० | | | | | | | |

३. कम्पनी: DEEZ TRADING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/०५ चलानी नं.: ६०१६३४९१ LT. No.: 245902 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: KIRKMGHANIS — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/२२ चलानी नं.: ६०१५८३३० LT. No.: 240146 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 10 | 0 | | 1800 | ५८,१२२ | | | | | | | |
| 3. | Cashier | 5 | 0 | | 1500 | ४८,४३५ | | | | | | | |

५. कम्पनी: QATAR INDUSTRIAL RESINS — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/३१ चलानी नं.: ६०१६३१८५ LT. No.: 245588 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | ९६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 2200 | ७१,०३८ | | | | | | | |
| 3. | Labourer | 10 | 0 | | 1000 | ३२,२९० | | | | | | | |

६. कम्पनी: ALFATH ENGINEERING TRADING & CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४७६० LT. No.: 247404

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 2200 | ७१,०३८ | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 1300 | ४१,९७७ | | | | | | | |

७. कम्पनी: INDO QATAR PROJECT — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४७६१ LT. No.: 247403

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1400 | ४५,२०६ | | | | | | | |

८. कम्पनी: INDO QATAR PROJECT — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/११ चलानी नं.: ६०१५९२२३ LT. No.: 241509 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1400 | ४५,२०६ | | | | | | | |
| 3. | Supervisor | 1 | 0 | | 2500 | ८०,७२५ | | | | | | | |
| 4. | Labourer | 2 | 0 | | 1300 | ४१,९७७ | | | | | | | |
| 5. | Driver | 1 | 0 | | 2200 | ७१,०३८ | | | | | | | |
| 6. | Painter | 1 | 0 | | 1400 | ४५,२०६ | | | | | | | |
| 7. | Plumber Assistant | 1 | 0 | | 1400 | ४५,२०६ | | | | | | | |

९. कम्पनी: TRANSPORT AND GARAGE SAAD HILAL — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/१० चलानी नं.: ६०१५९१६५ LT. No.: 241156 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७१,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 10 | 0 | | 2200 | ७१,०३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २६ देखि २८ गते (12 to 14 Oct. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ रु. १००००।- अन्य निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

## उपत्यका डायरी

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**

# एमाले मदन भण्डारीलाई केपी ओलीको ब्राण्ड बनाउन लागी परेः प्रचण्ड




नेकपा(माओवादी केन्द्र) निकट नेपाल बुद्धिजीवी संगठनको राष्ट्रिय भेला पार्टी कार्यालय पेरिसडाँडामा सोमबार सम्पन्न भएको छ ।

पुर्व अध्यक्ष खिमलाल देवकोटाले बौदिक बहसको खडेरीलाई चिर्नको निम्ती नेपाल बुद्धिजीवी संगठन जनयुद्धको अन्तिम काल र शान्ति प्रक्रियाको बीच तिरको समयमा १० वर्ष संगठनको नेतृत्व सम्हालेका उनले पेसागत संगठनहरु र बौद्धिक संगठनहरु बीचको अन्तर छुट्याउन सक्नुपर्ने, पेसागत संगठनहरु आफ्नो पेसामा मात्र सिमित हुने, हुनाले बुद्धिजीवी संगठनको दायरा फराकिलो रहेको र बुद्धिजीवी संगठनले सबै पेसा, व्यवसायमा संलग्न रहेका सबै मानिसहरुलाई गोलबन्द गरी पार्टीलाई सहयोग गर्ने मुख्य काम रहेको बताए । उनले बुद्धिजीवी संगठनलाई विभिन्न कालखण्डमा जोगाउँदै यहाँसम्म ल्याइ पुऱ्याएको बताए ।

प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ठूलो आत्म विश्वासका साथ पार्टी एकता गरी, कम्युनिष्टहरुको, वामपन्थी गठबन्धन गरी देशलाई दशकौसम्म समाजवाद निर्माणको दिसामा नेतृत्व दिने सम्झौता गरिएको तर प्रतिक्रियावादी वर्गलाई शैय नभएकोले वैदशिक साम्राज्यवादी हस्तक्षपकारी शक्तिहरु सबै एकातिर केन्द्रित भएर विफल बनाएको आरोप लगाए । उनले वैचारिक आत्मसर्पण गर्नको लागि एकता नगरेको बताए ।

राजनीतिलाई अझमाथि उठाइ समृद्धि र सामाजिक न्यायको निम्ती बुद्धिजीवी संगठनको भुमिका उच्च रहने भएकोले शारिरीक श्रम गर्नेलाई पनि बौद्धिक रुपमा उठाउन महत्वपूर्ण भूमिका हुने बताए । एमालेले आफुहरुलाई नराम्ररी झुक्याएको, उनीहरु आफुआफैंमा झगडा गरी एउटा लोगो चिन्हको लागि मरिहत्ते गरेको उनले बताए । उनले विचारमा बहस नगरी मदन भण्डारीलाई केपी ओलीको ब्राण्ड बनाउन लागि परेको आरोप लगाए ।

कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्मा, बरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, नेपाल बुद्धिजिवी संगठनका पूर्वअध्यक्ष एवं नेकपाका (माओवादी केन्द्र) सुरेश आलेमगर, पूर्वमन्त्री एवं नेपाल बुद्धिजीवी संगठनका फ्यार्क्सन इन्चार्ज दिनानाथ शर्माको उपस्थिति रहेको थियो ।

# दसैंतिहार लक्षित सस्तो बजार भक्तपुरमा

भक्तपुरको आदर्शस्थित सूर्यविनायक हरित कृषि थोक बजारमा हरित कृषि थोक तथा दसैं तिहार सस्तो बजार सोमबारदेखि शुरु भएको छ ।

बजार असोज १८ गतेदेखि २५ गतेसम्म सञ्चालन हुने छ । यस अवसरमा दैनिक साँझ सास्कृतिक कार्यक्रम पनि हुने आयोजकले जनाइएको छ ।

सूर्यविनायक हरित कृषि थोक बजार प्रालिका संस्थापक अध्यक्ष राकेश प्रसाईले मेलामा दसैं तिहारका लागि आवश्यक सवै सामान एउटै छानामुनि सजिलैसँग पाउन सकिने बताए ।

# ट्याक्टर दुर्घटनामा चार घाइते

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १८ असोज

रामपुर नगरपालिका ४ छतिवनडाँडामा ट्याक्टर दुर्घटना हुँदा ४ जना घाईते भएका छन् । पाल्पाको निस्दी गाउँपालिका ४ मित्याल देखि रामपुरतर्फ आउँदै गरेको वन टेष्ट खाली ट्याक्टर सोमबार साँझपख दुर्घटना हुदा चालक सहित चार जना घाइते भएका हुन् ।

ट्याक्टर चालक रामपुर ६ तिलकपुर बस्ने ३६ वर्षीय जितबहादुर सारु, निस्दी गाउँपालिका ५ गल्धाका ३९ वर्षीय विष्णुदेवी अर्याल, ५० वर्षीय लक्ष्मी अर्याल र रुपन्देहीका ३५ वर्षीय मिनक मुसलवान घाइते भएको इलाका प्रहरी कार्यालय रामपुरले जनाएको छ ।

ट्याक्टर सडक देखि करिव ४१ मिटर तल छ । घाइतेको रामपुर अस्पतालमा उपचार पश्चात तीन जनालाई डिस्चार्ज गरिएको छ । लक्ष्मी अर्याललाई थप उपचारको लागि युनाइटेड मिसन अस्पताल तानसेन रिफर गरिएको छ । घटनाको सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## भूल सुधार

मिति २०७८/०६/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षकको, **चलानी नं.: ६०१५७४३५** र L.T. No.: 239135, **कम्पनी नामः** Abdullah H Al Mutawa Sons Co For Contracting को विज्ञापनमा **अन्तर्वार्ता मिति २०७८ असोज २५ गते** (11 Oct. 2021) **मा** हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

**सन लाईट ह्युमन रिसोर्स प्रा. लि.**
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं, फोन: ०१-४३८४८८९, ४३८४८३२, ४३८४८३३,


**MBK JCL**
**MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED**

**Middle Bhotekoshi Hydroelectric Projectg (102 MW)**

*Salient Features*

| S.n. | Features | Description |
|---|---|---|
| 1. | Location | Sidhulpalchowk District |
| 2. | Type of Project | Run-of-River |
| 3. | Design Flow | 50.8m3/sec |
| 4. | Geology | Biotite schist, quartize & siliceous dolomite |
| 5. | Gross Head | 235m |
| 6. | Spillway Gate | 10 m(w)x7.4, (h) & 3 Nos. |
| 7. | Desanding Basin | 100mlong Triple Chamber |
| 8. | Headrace Tunnel | 7124m long Inversted D Shape |
| 9. | Surge Tank | Restricted Orifice Type |
| 10. | Penstock | 677m long Underground |
| 11. | Powerhouse | Surface |
| 12. | Installed Capacity | 102 MW (3x34 MW) |
| 13. | Annual Salable Energy | 54 crore 20 lacs Units |
| 14. | Transmission Line | 4km/220kv |

**हार्दिक अपिल**

सिन्धुपाल्चोक जिल्लामा निर्माणाधीन जिल्लाकै सबैभन्दा ठूलो मध्य भोटकोशी जलविद्युत आयोजना निर्माण कार्यमा सम्बन्धित सबै पक्षले आ-आफ्नो स्थानबाट आवश्यक सहयोग पुऱ्याई ऊर्जासंकट समाधानको राष्ट्रिय अभियानमा सहभागि भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**मध्य भोटकोशी जलविद्युत कम्पनी लि.**
महाराजगञ्ज, काठमाडौं


# परिवर्तनकारी शक्तिलाई अगाडि बढाउन जरुरी : मन्त्री यादव

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १८ असोज




जनता समाजवादी पार्टी नेपाल यशोधरा गाउँपालिकाले जसपा नेपालबाट लुम्बिनी प्रदेशका मन्त्रीहरुलाई स्वागत तथा समापन कार्यक्रम सम्पन्न गरेको छ। लुम्बिनी प्रदेशका भौतिक तथा पुर्वाधार विकास मन्त्री सहसराम यादव, लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भुमि व्यवस्था मन्त्री सुमन शर्मा रायमझी, लुम्बिनी प्रदेशका श्रम, रोजगार तथा यातायात व्यवस्थामन्त्री पुर्मती ढेंगालाई स्वागत तथा सम्मान कार्यक्रम गरेको यशोधारा गाउँपालिका जसपा नेपालका अध्यक्ष राम लखन जयसवालले जानकारी दिए ।

नव नियुक्त मन्त्रीहरुलाई फुल तथा खादा लगाएर स्वागत तथा सम्मान गरिएको थियो । कार्यक्रम यशोधार गाउँपालिका वडा नम्बर १ तितिर्खास्थित ज्ञान ज्योती इङ्लिस बोडिङ स्कुलको प्रांगणमा भएको थियो । सोही कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका योजना आयोगक सदस्य शिवपुजन यादवले जुन ठाउँमा जस्तो अवश्यकता रहन्छ त्यही अनुरुप योजना बनाउने प्रतिबद्धता व्यक्त गरे। लुम्बिनी प्रदेश विभिन्न विविधतले फरक भएकाले ठाउँ अनुसार योजन बनाउनुपर्ने सदस्य यादवले बताए । कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका भौतिक तथा पुर्वाधार विकास मन्त्री सहसराम यादवले परिवर्तन अपरिहार्य रहेको बताए। विगतको रुढीवादी परम्परा, पुरानतवादी सोच र शासनलाई त्यागेर परिवर्तनकारी शक्तिलाई जबसम्म अगाडि बढाउनुपर्ने उनले बताए । उत्पीडत, मधेशी, मुस्लिम, आदिवासी, थारु, मुस्लिम पिछडिएका वर्ग लगायत समुदायको हक आधिकारको सुनिश्चितताको लागि नेपालको संविधान २०७२ संशोधन गर्न उनले माग गरे ।' जबसम्म उत्पीडनमा रहेका मधेशी, आदिवासी, थारु, मुस्लिम, पिछडिएका वर्ग लगायत समुदायले आफ्नो संविधान हो भनेर महशुस गर्दैनन्, तबसम्म हाम्रो पार्टीको संघर्ष जारी रहन्छ' उनले भने ।

# उपत्यकाको सुरक्षामा कडाइ, २०७ पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले चोरी तथा पाकेटमार कार्यमा सङ्लग्न २०७ जनालाई पक्राउ गरेको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौंले चाडपर्वमा हुनसक्ने चोरी र पाकेटमारको विरुद्धमा चलाएको अभियानमा उपत्यकाका विभिन्न स्थानबाट उनीहरुलाई पक्राउ गरेको हो । परिसरले आज पत्रकार सम्मेलन गरी सार्वजनिक यातायात, सपिङ मल र मुख्य बजारमा चलाएको अभियानमा चोरी र पाकेटमार कार्यमा सङ्लग्नलाई पक्राउ गरेको जानकारी दिएको हो । पत्रकार सम्मेलनमा परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंहले उपत्यकाको सुरक्षा व्यवस्थालाई त्रुटीरहित, भरपर्दो, विश्वसनीय र मजबुद बनाउन साथै नजिकिँदो चाडपर्वमा हुने लुटपाट र चोरीका घटना कमी गर्न परिसरले भदौ २५ देखि असोज १५ गतेसम्म चलाएको अभियानमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । 'यातायात व्यवसायीको सहकार्यमा सादा पोसाकका कर्मचारीलाई सवारी साधनमा यात्रा गराई चलाइएको अभियानमा पाकेटमारले नगद, मोबाइल, गरगहना चोर्दाचोर्दै पक्राउ गरेका हौं', उनले भने । सपिङ मल र भीडभाड बजारमा चोरी कार्यमा सङ्लग्नलाई पक्राउ गरिएको हो । सार्वजनिक बसमा दुई/दुई जनाका दरले ६ जनासम्मको समूह बनाएर बसभित्र छिर्ने र पैसा भएका यात्रु पत्ता लगाएर चार तीरबाट घेरा हालेर नगद, मोबाइल, गरगहना लुटपाट गर्ने गरेको अनुसन्धानमा पाइएको एसएसपी सिंहले बताए । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव सरोज सिटौलाले पाकेटमारको निगरानी राख्नका लागि यातायात व्यवसायीले सादा पोशाकका कर्मचारीलाई ६० पास उपलब्ध गराएको जानकारी दिए । 'चाडपर्वको बेलामा उपत्यकामात्र होइन देशभरी नै चोरी र पाकेटमारी हुनसक्छ, यात्रुहरु सचेत बन्नुहोला', उनले भने ।

चोरी तथा पाकेटमारले सार्वजनिक सवारी साधनमा चढेपछि साङ्केतिक भाषाको प्रयोग गर्ने गरेको पाइएको छ । पक्राउ परेकामध्ये २०७ जनामध्ये १६१ जनाको अनुसन्धान भइरहेको र ४६ जनाको अनुसन्धान पूरा गरी सरकारी वकिल कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय हुँदै कारागार पठाइएको परिसरले जनाएको छ ।


## साउदीमा वैदेशिक रोजगार

कम्पनी : **Global Leaders Maintenance and Cleaning Company** शहर: **DAMMAM**

पूर्व स्वीकृत मितिः २०७८/०६/१८ चलानी नं.: ६०१६४७६३ LT. No.: 247669

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 29 | 0 | स. काममा दक्ष | 1200 | ३७,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २६ गते (12 October 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9808466028, 9816332223, 9852059287, 9845878321


## श्री लालिगुराँस सामुदायिक वन उपभोक्ता समूह
## गुराँस गा.पा. ७ दैलेख

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७८/०६/१९**

श्री लालिगुराँस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई गुराँस गा.पा. ८ घ्युपोखरीमा घाटगद्धिमा राखिएको खोटे सल्लो जातको गोलिया काठ थान १३३ को १७७७/०७ क्यु फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरीन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय दैलेखको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री लालिगुराँस सामुदायिक वन उपभोक्ता समूह**
**गुरास गा.पा. ७ दैलेख**


## साउदीमा रोजगार

१. कम्पनी: **AJAAL AL GHAD LTD CO. FOR MAINTENANCE AND CLEANING** शहर: **JEDDAH**

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६७१ L.T. No.: 246476

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **MOHAMMED S.AL-AFNAN CONT.EST.** शहर: **SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६६९ L.T. No.: 246285

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor (Labour) | 19 | 0 | स. काममा दक्ष | 1200 | ३७,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २६ गते (12 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**DHR** Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890



## कतारमा रोजगार

कम्पनी: **BIN SAFRAN TRADING & SERVICES** शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७७/११/२२ चलानी नं.: ६०१५३०६१ LT. No.: 234473 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 5 | स. काममा दक्ष | 900 | २९,०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २६ गते (12 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**J J Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9851008265, 9851053767, Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com



## कतारमा रोजगारको अवसर

कम्पनी : **DOHA GALLERY HOTEL** शहर: **DOHA**

पुर्व स्वीकृत मितिः २०७७/११/०५ चलानी नं.: ६०१५४६०६ LT. No.: 236220 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 4 | 3 | स. काममा दक्ष | 1200 | ३८,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २६ गते (12 October 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## साउदीमा रोजगार

१.कम्पनी : **SAADI SAAD AL-HARBI AND PARTNERS CO.** शहर : **DAMMAM**

पुर्व स्वीकृत मितिः २०७८/०६/०७ चलानी नं.: ६०१६३६०१ LT. No.: 243779 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २६ गते (12 October 2021) मा हुनेछ ।**

